स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'अझै पनि'बाट उनले सहायक अभिनेताको रुपमा डेब्यू गरे । तर, भन्नका लागि मात्र डेब्यू रह्यो । न फिल्म चल्यो न उनी चिनिए । लगालग फिल्मको असफलतापछि पुष्प हच्किएका छन् । अब उनी हतार मा फिल्म छानेर फुर्सदमा पछुताउने पक्षमा छैनन् । यसैले उनी फिल्म छनोटमा गम्भीर देखिएका छन् । लामो समयदेखि उनले नयाँ फिल्म समेत सम्झौता गरेका छैनन् । फिल्म 'चोर पुलिस' पाइपलाइनमा त छ तर बन्नेमै आशंका छ ।

**आजको विचार...**



किन...
(दुई पेजमा)

डा.सुवास अधिकारी

'बुलबुल' होस् या 'चिसो मान्छे', जसमा अभिनेत्री स्वस्तिमा खड्काले निर्वाह गरेको चरित्रमा ठूलो विविधता भेटिन्छ । र, उनले चरित्र निर्माणमा गरेको मिहिनेत देखिन्छ । यसैले त उनले 'भर्सटायल अभिनेत्री'को पहिचान बनाएकी छन् । जुनसुकै चरित्रमा चुनौती लिन सक्ने उनी एकपटक फेरि फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'मा भिन्न चरित्रमा देखिँदैछिन् । यसमा उनी दुर्गा माता बनेकी छन् । संयोग चाहिँ के जुरेको छ भने यो फिल्म दशैं अर्थात् फूलपाती (कात्तिक ४ गते)बाट प्रदर्शनमा आउँदैछ । दशैंमा दुर्गा माताकै पूजा गरिन्छ ।



❑ वर्ष २९ ❑ अंक ८६ ❑ २०८० असोज २४ गते बुधबार 11 October 2023, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### सैन्य आक्रमणमा २९ को मृत्यु

**(रासस/एएफपी)**
बैङ्कक, असोज २३ /उत्तरी म्यान्मामा विस्थापितहरूको एक शिविरमा भएको सैन्य आक्रमणमा २९ जनाको मृत्यु भएको छ । आक्रमणमा परी दर्जनौँ घाइते भएको र उक्त क्षेत्र नियन्त्रणमा लिएको जातीय विद्रोही समूहका एक प्रवक्ताले मंगलबार बताएका छन् ।म्यान्माको जुन्ता सरकारमाथि उसले सन् २०२१ मा गरेको कूविरुद्ध भएका प्रतिरोधलाई दबाउन नागरिक लक्षित रक्तपातपूर्ण आक्रमणहरू गरेको आरोप लगाइएको छ ।

पछिल्लो आक्रमण स्थानीय समयअनुसार सोमबार राति साढे ११ बजे भएको कचिन इन्डिपेन्डेन्स आर्मी (केआईए) का कर्णेल नाव बुले बताए । 'बालबालिकासहित २९ शव फेला परेको छ, ५६ जना घाइते भएका छन्', शिविरमा कस्तो प्रकारको हमला भएको थियो भन्नेबारे अनुसन्धान गरिरहेको जानकारी दिँदै उनले भने,'हामीले कुनै विमानको आवाज सुनेनौँ ।' सेनाले चीनको सीमामा रहेको लाइजा सहर नजिकै रहेको शिविरमा ड्रोन हमला गरेको हो कि भन्नेबारे पत्ता लगाउन खोजिरहेको पनि उनले बताए । -रासस

## देशभर स्थानीय तहका कर्मचारी आन्दोलित

# पालपामा पनि काम रोकेर कर्मचारी धर्नामा, सेवा प्रभावित

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज २३/ देशैभर स्थानीय तहका कर्मचारी आन्दोलित भएका छन् । संघीय निजामती विधेयकमा आफ्ना मागहरु सम्बोधन गर्न माग गर्दै उनीहरु आन्दोलनमा उत्रिएका हुन् ।

संघीय निजामती ऐनमा स्थानीय तहका कर्मचारीलाई विभेद गरिएको भन्दै काठमाडौं केन्द्रीत आन्दोलन गरेका कर्मचारीहरु अहिले ७ सय ५३ वटै स्थानीय तहमा आन्दोलित भएका छन् । उनीहरुले काठमाडौंको आन्दोलनलाई निरन्तरता दिदै अहिले आ-आफ्ना पालिकाबाट समेत विरोध प्रदर्शन गरिरहेका छन् । जिल्ला-जिल्लामा संघर्ष समिति बनाएर आन्दोलन थालेका उनीहरुले शुक्रबारदेखि भने सम्बन्धित पालिकामा कामकागज रोकेर धर्ना बसेका हुन् ।



संघीय निजामती विधेयकमा आफ्ना मागहरु सम्बोधन गर्न माग गर्दै धर्नामा तानसेन नगरपालिकाका कर्मचारी ।

पाल्पाका स्थानीय तहका कर्मचारीहरु पनि यति बेला सम्बन्धित पालिकामा धर्ना बसी माग पुरा गर्न सरकारलाई दवाब दिदै आएका छन् । अत्यावश्यक बाहेक सबै कामकाज बन्द गरी धर्नामा बसिएको स्थानीय तह कर्मचारी मञ्च पाल्पाका सदस्य नारायण तिमिल्सीनाले बताए । उनले अनिश्चितकालीन रूपमा 'पेन डाउन' गरिएको बताए । तिमिल्सीनाले भने 'सरकारले आफ्ना मागलाई बेवास्ता गरेमा अझ सशक्त रुपले आन्दोलनका कार्यक्रम अघि बढाइने छ ।' अहिले प्रतिनिधिमूलक रुपमा केही कर्मचारीहरु काठमाडौंको आन्दोलनमा छौं भने अन्य कर्मचारी स्थानीय तहबाटै सरकारलाई दवाब दिइरहेको उनले बताए । तानसेन नगरपालिकाका कर्मचारीहरुले आइतबारदेखि लगातार अत्यावश्यक बाहेकका सेवा रोकेर धर्ना बसेका छन् । सरकारले स्थानीय सेवाका कर्मचारीहरुको माग बारे प्रतिक्रिया नजनाएपछि आफुहरु नियमित काम रोकेर धर्ना बस्न बाध्य भएको तानसेन नगरपालिकाका राजश्व शाखा प्रमुख मधुसुदन घर्तीले बताए । अत्यावश्यक काम भने भइरेहको उनले बताए । 'बिहीबारसम्म हाम्रा मागको सुनुवाइ भएन, हामीले पूर्वघोषित कार्यक्रमअनुसार स्थानीय तहमा अत्यावश्यक बाहेकका सेवा दिएका छैनौं', उनले भने,'हाम्रो माग पुरा नभएसम्म जारी रहन्छ ।' यसले स्थानीय तहहरुको सेवा अनिश्चितकाल सम्मका लागि प्रभावित हुने देखिएको छ । तानसेन नगरपालिकामा जस्तै अन्य पालिकाहरुमा पनि कर्मचारी धर्नामा बसेका छन् । स्थानीय तहहरुमा उपस्थित भए पनि कर्मचारीहरुले 'पेन डाउन' भन्दै नियमित सेवा नै रोकेका छन् । यसले गर्दा स्थानीय तहका कार्यलयहरु खुले पनि कर्मचारी आन्दोलनका कारण सेवाग्राही प्रभावित भएका हुन् । स्थानीय तह र वडा कार्यालयहरुमा कामकाज रोकिएको विभिन्न स्थानीय तहका जनप्रतिनिधिले जानकारी दिएका छन् । स्थानीय तहका कर्मचारीले संघीय निजामती सेवा ऐनको सट्टा एकीकृत निजामती सेवा ऐन जारी गर्नुपर्ने, स्थानीय तहका कर्मचारीलाई निजामतीको परिभाषाभित्र समेट्नुपर्ने माग गरेका छन् । त्यस्तै, समायोजनका कर्मचारीहरूको उचित व्यवस्थापन गर्नुपर्ने, तीनै तहका कर्मचारीको समान वृत्तिविकासको व्यवस्था गर्नुपर्ने र स्थानीय तहमा कार्यरत कर्मचारीका लागि पनि कर्मचारी कल्याणकारी कोषको अनिवार्य व्यवस्था गर्न माग गरेका छन् । स्थानीय तहका कर्मचारीलाई पनि ट्रेड युनियन अधिकार प्रदान गर्नुपर्ने, अस्थायी तथा करार कर्मचारीको उचित व्यवस्था गर्नुपर्ने, साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुको समेत अन्तरपालिका सरुवा अवधि जोडिने व्यवस्था गरिनुपर्ने लगायतका माग उनीहरुको छ । माग पूरा नभएसम्म आन्दोलन जारी रहने स्थानीय तह कर्मचारी मञ्च पाल्पाले जनाएको छ । १५ असोजदेखि स्थानीय तहका कर्मचारी केन्द्रीय संघर्ष समितिले काठमाडौं केन्द्रित आन्दोलन थालेको थियो । काठमाडौंमा ७ सय ५३ स्थानीय तहकै कर्मचारीहरुले दैनिक माइतीघर मण्डलादेखि बानेश्वरसम्म प्रदर्शन गरिरहेका छन् ।


## स्तनपानः बालबालिकालाई वरदान

**आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ ।**

त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रवर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

*त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# सिँचाइ योजनाले फेरियो किसानको दैनिकी

**गुल्मी,** असोज २३/गुल्मी मालिका गाउँपालिकाका किसान यतिबेला खुसी छन् । उनीहरुको खुसीको कारण हो, दुई करोडभन्दा बढी लागतमा निर्माण भएको सिँचाइ योजना ।

सिँचाइको अभावमा वर्षौंदेखि आकाशे पानीको भर पर्दै आएका यहाँका किसानमा यतिबेला खेतखेतमा सिँचाइ सुविधा पुगेपछि थप जाँगर पलाएको छ । पक्की नहरको माध्यमबाट किसानका खेत खेतमा सिँचाइ पुगेपछि वर्षौदेखि बाँझिएका खाली जमिन हराभरा बनेका छन् । सिँचाइका कारण किसानले समय अनुसारका अन्नवाली उत्पादन गर्न थालेका छन् । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय गुल्मीको सहयोगमा मालिका गाउँपालिका-६ अन्तर्गत भैसेरुम्टामा सिँचाइ योजना निर्माण भएपछि यतिबेला त्यहाँका किसानको दैनिकीसमेत फेरिएको हो ।



स्थानीयको लामो समयको प्रयासपछि गत तीन वर्षअघि शुरु भएको योजनाले यो वर्ष पूर्णता पाएको हो ।

सिँचाइ योजना निर्माणको जिम्मा पाएको अञ्जना श्रेष्ठ जेभी र जल उपभोक्ता समितिको सहयोगमा निर्धारित समयमै निर्माण सम्पन्न गरेको जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय गुल्मीका प्रमुख भरतप्रसाद सापकोटाले जानकारी दिए । स्थानीय अर्जै खोलाबाट पानीको स्रोत व्यवस्थापन गरी निर्माण गरिएको उक्त सिँचाइ नहरको कुल लम्बाई तीन हजार छ सय ५० मिटर छ । गाउँको फाँटमा सिँचाइ पुगेपछि त्यस क्षेत्रको ६० हेक्टर क्षेत्रफलमा सिँचाइ पुगेको र ६५ घरधुरी प्रत्यक्ष लाभान्वित बनेको कार्यालय प्रमुख सापकोटाले बताए । पानीको अभावमा खेत बाँझै राखेर बस्न विवश त्यस क्षेत्रका किसानलाई सिँचाइ योजनाले ठूलो राहत पुगेको स्थानीय भैसेरुम्टा सिँचाइ योजनाका अध्यक्ष देविराम गौतमले बताए । 'सिँचाइको अभावमा खेत बाँझै राखेर बजारवाट चामल किनेर खानुपर्ने बाध्यता थियो, तर अहिले तिनै बाँझा खेतमा सिँचाइ पुगेपछि लहलह धान झुल्न थालेका छन्, अब त बजारबाट चामल बेसाउनु पनि पर्दैन', स्थानीय देवीराम गौतमले भने । योजनाको दिगो व्यवस्थापन गर्न ठूलो चुनौती रहेको भन्दै सिँचाइ विकास डिभिजन कार्यालय गुल्मीका प्रमुख भरतप्रसाद सापकोटाले स्थानीय समुदाय र उपभोक्ताले नै त्यसको संरक्षण र सम्वर्द्धनमा ध्यान दिनसकेमा योजना दिगोरुपमा सञ्चालन गर्न सकिने बताए ।-रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## इजरायलबाट नेपालीको शीघ्र उद्धार गर

यतिबेला इजरायलमा जारी द्वन्द्वमा फसेका नेपाली नागरिकको जीवनरक्षाका लागि सर्वत्र चासो र चिन्ताको विषाय बनेको छ । प्यालेस्टाइन विद्रोही हमासद्वारा भएको आक्रमणमा परी गत शनिबार १० नेपाली विद्यार्थीको मृत्यु र कैयौं घाइते भएका छन् । यस्तो दुःखद् घटना प्रति आम चासो बढ्नु स्वाभाविक हो । द्वन्द्धमा फसेका नेपालीहरुले यति बेला सरकारसँग उद्धारका लागि हार गुहार गरिरहेका छन् । विदेशी भूमिमा आफ्नै अगाडि साथीहरूको हत्या भएको देखेका नेपालीहरु चार दिनदेखि इजरायलका विभिन्न क्षेत्रमा अलपत्र परी बंकरमा लुकेर ज्यान बचाइरहेका छन् । यस्तो बेला उद्धारका लागि हारगुहार गर्नुको विकल्प पनि छैन । पलपल ज्यानको बाजी थापिरहेका उनीहरूले हारगुहार गरिरहे पनि नेपाल सरकार भने अलमलमै छ । तत्काल कुटनीतिक पहल गरी उनीहरुलाई स्वदेश फर्काउने वातावरण सिर्जना गर्नुपर्नेमा सरकार बैंठक बस्ने र निर्णय सार्वजनिक गर्ने बाहेक अरु काम गर्न सकेको छैन । यो अत्यन्त दुःखको कुरा हो । अन्य देशले आफ्ना नागरिक धमाधम उद्धार गरी स्वदेश ल्याइरहे पनि नेपालले ढिला गरिरहेको छ ।

सरकारले घटनामा परी दिवंगत हुनेका परिवार, घाइते र बंकरमा रहेका अलपत्र नेपालीहरुको उद्धार, राहतमा चासो देखाएको भने पनि अहिलेसम्म नेपाल ल्याउन नसक्नु विडम्बना हो । युद्वग्रस्त क्षेत्रमा फसेका घाइते र मृतकहरुको उद्धारको पहल फितलो भइरहेको आम गुनासो छ । युद्वको चपेटामा परेका निहत्था नेपालीको चित्कारले सरकारले पहल गर्न ढिलाई गरेको हो कि भन्ने आम बुझाई हो । मन्त्रिपरिषद्ले राष्ट्रिय शोक मनाउने र मृतकका परिवारलाई १०/१० लाख रुपैयाँ राहत दिने निर्णय गऱ्यो । यो निर्णय स्वागतयोग्य पक्कै छ । तर यतिबेला सान्त्वनाले पुग्ने अवस्था छैन । युद्वग्रस्त क्षेत्रमा फसेकाहरूको उद्धार गरी स्वदेश फिर्ता र घाइतेको उपचार गरिनु पहिलो सर्त बनेको हो । यसमा सरकारले कति पनि ढिलाई गर्नु हुँदैन । जति सक्यो नेपालीहरुलाई युद्वस्थलबाट नेपाल फर्काउने काममा तदारुकता देखाउन आवश्यक छ ।

## Opinion @ Social Network

ए जिन्दगी त सँग लड्नुको मजा नै बेग्लै, तैले रुवाउन न छाड्दैनस्,
म सधैं हारेर पनि हाँस्न छाडदिन ।

(*पूजा थापाको फेसबुक स्टाटस* https://www.facebook.com/*Pooja.thapa*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन हुन्छन् प्रादेशिक योजना असफल ?



**डा.सुवास अधिकारी**

*सरकार र दातृ निकायको योजनाको प्राथमिकता फरक छन् । मन्त्रालय, प्रादेशिक योजना आयोग, राष्ट्र बैंक, अन्य निकाय र कार्यान्वयन गर्ने कार्यालयबीच यथेष्ट समन्वय छैन । विकास तथा पुँजीगत विनियोजनमा कुशलता अभाव, अस्थिर सरकार, सम्भाव्यता अध्ययन विनाका आयोजनामा बजेट विनियोजन जस्ता कारणले बजेट खर्च हुन सकिरहेका छैनन् । सञ्चालनमा रहेका बहुवर्षीय आयोजनाहरूको जग्गा प्राप्तिमा पटकपटक समस्या आइपर्छन् । वन क्षेत्रमा रुख कटानको समस्या समयमै समाधान गर्न सकिदैन । निर्माण सामग्री समयमा प्राप्त गर्न सकिदैन । ठेकेदार कम्पनी बीचमै काम छाडेर हिंड्छन् । ऊर्जा संकटलाई समयमै व्यवस्थापन गर्न नसक्दा पनि प्रादेशिक योजनाहरूको गति सुस्त बनेको छ ।*

नेपालसँगै योजनाबद्ध विकास अभियानमा लागेका दक्षिण कोरिया, सिंगापुर, मलेसियाले आर्थिक अवस्था मजबुत बनाइसके । छिमेकी मुलुक चीन र भारत एशियाका उदीयमान 'बाघ अर्थतन्त्र' मात्र होइन, भविष्यमा महाशक्ति राष्ट्र बन्ने यात्रामा छन् । विदेशमा रातारात योजना सम्पन्न हुँदा नेपालमा एउटा योजना सम्पन्न हुन कैयौं वर्ष लाग्छ । विकासका योजना पूरा नहुँदा जनताले भोगेका समस्या दिनानुदिन समाचार बनिरहन्छन् र सामाजिक सञ्जालमा छाउँछन् । विकास निर्माणका योजना किन असफल हुन्छन् ? यसतर्फ अझै पनि साझा निष्कर्षमा पुग्न सकिएको छैन । सतहमा टिप्पणी गरिरहँदा यसका समस्या र समाधानका विकल्पतर्फ पनि ध्यान दिन जरुरी छ । हाम्रो योजनाको मोडेलमा नै पुनर्विचार गर्नुपर्ने कतिपयको तर्क छ । प्रदेशले योजनाबद्ध विकासको अभ्यास थालेको ५ वर्ष भइसक्यो । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिपछि प्रदेश सरकारले समृद्धिको सपना स्वरूप पहिलो पञ्चवर्षीय योजना कार्यान्वयनमा ल्यायो । यसले अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै नागरिकको विकासप्रतिको आकांक्षालाई पूरा गर्ने लक्ष्य उन्मुख गरायो ।

प्रदेशको पहिलो आवधिक योजना नीतिगत रूपमा राम्रा भए पनि विकास उपलब्धिमा सन्तोषजनक र आशाप्रद रहेन । आवधिक योजनाले नीतिगत रूपमा निकै वाहवाही पाए पनि कार्यान्वयनको अवस्था भने फितलो नै साबित भयो । यसको एउटै कारण हो, सीमित साधनस्रोतको बाबजुद योजना महत्वकांक्षी हुनु र त्यो सँगसँगै कार्यान्वयनको चरणमा विभिन्न किसिमका समस्याले आर्थिक उतारचढावको चपेटामा पर्नु । उत्साहका साथ घोषणा भएको पहिलो योजना कार्यवधिको चौथो वर्षमा पुग्दा उपलब्धि निराशाजनक छ ।

**योजना सफल बनाउन के गर्नुपर्छ ?**

योजना सफल बनाउन सुरुमा वैज्ञानिक अध्ययन गर्नुपर्छ । यसैको निचोडको आधारमा रणनीतिक महत्व बोकेका, प्रदेशको अर्थतन्त्रमा टेवा पुऱ्याउने आयोजना पहिचान हुनुपर्छ जसले समष्टिगत अर्थतन्त्रतर्फ प्रस्थान गर्न मार्गनिर्देशन गर्दछ । समावेसी, सन्तुलित तथा दिगो सामाजिक आर्थिक विकास, अन्तरप्रदेश विकास मोडल, संघ, प्रदेश र स्थानीय तह विकास मोडेल, आर्थिक पुनरुत्थान र सामाजिक रूपान्तरण मार्फत् समृद्धिको लक्ष्य प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने न्यूनतम साझा कार्यक्रम र क्षेत्रगत वैज्ञानिक नीतिहरूमा जोड दिन जरुरी छ । अब बन्ने दोस्रो पञ्चवर्षीय योजनाको लागि प्रदेश सरकार केन्द्रित हुनुपर्ने विकासका क्षेत्रहरूको प्राथमिकता पहिचान गर्नुपर्ने हुन्छ । उत्पादन र उत्पादकत्वमा वृद्धि एवं पूँजी निर्माण हुने स्रोतको परिचालन गर्नुपर्छ । रोजगारी अभिवृद्धि गर्न अपनाउनुपर्ने रणनीति पछ्याउनुपर्छ । प्रदेशको आन्तरिक आय वृद्धि गर्न केन्द्रित हुनुपर्ने क्षेत्रहरू पहिचान र परिचालन गर्नुपर्छ । प्रदेशको समुन्नति हासिल गर्ने रणनीतिक महत्व बोकेका सहयोगी योजनाहरूको समयै पहिचान गर्न सक्नुपर्दछ । संघले जथाभावी साना योजना पठाइरहेको छ भने प्रदेश आफैं पनि टुक्रे योजनामा केन्द्रित देखिन्छ । जनताबाट आलोचित टुक्रे योजनाका साथै खल्ती, भनसुन, चिनजान र एसएमएसबाट योजना हाल्ने खराब प्रवृत्तिको अन्त्य हुनैपर्छ । कमजोर मानव पूँजी, जनशक्ति व्यवस्थापन कठिनाइ, निर्माण सामग्रीको अभाव तथा स्थानीय तहसँग प्रदेशका योजनालाई निरन्तरता दिन बजेटको कमी जस्ता समस्याको पनि यथोचित सम्बोधन हुनुपर्छ । संघ, प्रदेश र स्थानीय तहको नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमामा यथेष्ट छलफल हुनुपर्छ । अन्तरतह सम्बन्ध र समन्वयको खाका स्पष्ट पार्न सकियो भने योजना सफल हुन सक्छन् । त्यस्तै आयोजना बैंक कार्यान्वयनमा ल्याई मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्य र नतिजा सूचकका आधारमा योजना तर्जुमा गर्ने विधिको विकास हुनुपर्दछ ।

**यी हुन् प्रदेशमा देखिएका समस्या**

योजना असफल हुँदा देखिएका समस्यामध्ये दिगो विकास लक्ष्यको स्थानीयकरण हुन नसक्नु नै प्रमुख हो, यसले निर्दिष्ट गरेको लक्ष्य प्राप्ति गर्न समेत कठिनाइ भएको छ । नीति तथा कार्यक्रम, वाषिर्क बजेट, मध्यमकालीन खर्च संरचना, दिगो विकास लक्ष्य र आवधिक योजनाको बीचमा पर्याप्त तादात्म्यता नहुनाले पनि योजनाहरू अलपत्र हुने गरेका छन् । स्रोत व्यवस्थापनमा कठिनाई, आन्तरिक स्रोतको परिचालन न्यून, राजस्व बाँडफाँटमा समस्या, अन्तरप्रदेश सम्बन्ध कमजोर र संघ, प्रदेश र स्थानीय सरकार जोड्ने संयन्त्र कमजोर हुनाले पनि विकास गतिमा ठेस पुगेको छ । वित्त व्यवस्थापनको जटिल अन्तर सम्बन्ध, निजी क्षेत्रसँगको कमजोर सहकार्य, जग्गा प्राप्ति र वन क्षेत्रको समस्या, आयोजना छनोट र कार्यान्वयनमा जटिलता जस्ता बिषयसँग पनि प्रदेशले छुटकारा पाउन सकेको छैन । स्रोतको क्षमताभन्दा बढी बहुवर्षीय योजना हुनु, योजना निर्माणको चरणमा स्थानीय तहसँग पर्याप्त समन्वय हुन नसक्नु, निजी लगानी अभिवृद्धि हुन नसक्नु, प्रदेश र निजामति ऐन नहुँदा स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा जटिलता, तथ्याङ्क अध्यावधिक गर्ने प्रणाली कमजोर, क्षेत्रगत गुरुयोजना निर्माणमा सुस्तता र सूचनाको अभाव पनि अहिलेका मुख्य समस्या हुन् । सरकार र दातृ निकायको योजनाको प्राथमिकता फरक छन् । मन्त्रालय, प्रादेशिक योजना आयोग, राष्ट्र बैंक, अन्य निकाय र कार्यान्वयन गर्ने कार्यालयबीच यथेष्ट समन्वय छैन । विकास तथा पुँजीगत विनियोजनमा कुशलता अभाव, अस्थिर सरकार, सम्भाव्यता अध्ययन विनाका आयोजनामा बजेट विनियोजन जस्ता कारणले बजेट खर्च हुन सकिरहेका छैनन् । सञ्चालनमा रहेका बहुवर्षीय आयोजनाहरूको जग्गा प्राप्तिमा पटकपटक समस्या आइपर्छन् । वन क्षेत्रमा रुख कटानको समस्या समयमै समाधान गर्न सकिदैन । निर्माण सामग्री समयमा प्राप्त गर्न सकिंदैन । ठेकेदार कम्पनी बीचमै काम छाडेर हिंड्छन् । ऊर्जा संकटलाई समयमै व्यवस्थापन गर्न नसक्दा पनि प्रादेशिक योजनाहरूको गति सुस्त बनेको छ । फितलो अनुगमन-मूल्याङ्कन पद्दति, प्राविधिक कर्मचारीको अभाव, बजेट विनियोजनको अवैज्ञानिक आधार, भौतिक र वित्तिय प्रगतिका आधारमा बजेट निकासा हुन नसक्नु, एउटा आयोजना सुरुनै हुन नसक्ने छ भने सो रकम अर्को आयोजनामा जाने आधार तयार गर्न नसक्नु र जथाभावी रकामान्तरले पनि जटिलता बढाएका छन् ।

**सुधार गर्नुपर्ने पक्ष**

संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सुमधुर बनाउन जरुरी छ । राजस्व परिचालन र बाँडफाँट, स्थानीय र प्रदेशको स्रोत परिचालन क्षमता बढाई जनशक्ति व्यवस्थापनमा जोड दिनुपर्छ । निजी क्षेत्र र विकास साझेदारसँगको सहकार्य बढाउनुपर्छ । नीति, कार्यक्रम, योजना छनोट र मध्यकालीन खर्च संरचनालाई आधार मानी बजेटको वैज्ञानिक विनियोजन गर्नुपर्छ । आयोजना बैंक पूर्णरूपमा कार्यान्वयन गर्नसक्दा विनियोजन कुशलता बढ्छ । प्राविधिक जनशक्ति उत्पादनमा जोड दिनुपर्छ । राजनीतिक स्थिरता कायम गर्दै वैज्ञानिक बजेट विनियोजन र कार्यक्रमको प्राथमिकता निर्धारण हुँदा सरकारले पुँजीगत बजेट प्रभावकारी रूपमा परिचालन गर्नसक्छ । यी समस्यालाई राजनीतिक र प्रशासनि तबरले सुल्झाउने प्रयास गर्नुपर्छ । प्रदेशको आन्तरिक आय स्रोत कमजोर भएकोले योजना कार्यान्वयनको लागि संघीय सरकारको अनुदानको मुख ताक्नुपर्ने परिपाटीको अन्त्य गर्न सक्नुपर्छ । संघ, प्रदेश र स्थानीय तहबीचको वित्तिय व्यस्थापनको वैज्ञानिक खाका तयार गर्नु पनि अत्यावश्यक देखिन्छ । प्रदेशहरूले आृनो दीर्घकालीन लक्ष्य, सोच, उद्देश्य र समष्टिगत रणनीति निर्धारण गर्न सक्नुपर्दछ । अर्थतन्त्र सुदृढीकरण, वित्तिय व्यवस्थापन, दिगो पूर्वाधार विकास, सुशासन र पूँजी निर्माणका सवालमा संघीय सरकारले पनि आृनो दायरा परिभाषित गर्नुपर्छ । र, प्रदेश र स्थानीय तहसँग समन्वय गरी विकास निर्माणको गाँठोलाई फुकाउन पहलकदमी लिन जरुरी छ ।

योजना सफल बनाउन पहिलो चरणमा आर्थिक वृद्धि गरी कूल ग्राहस्थ उत्पादन बढाउन योगदान दिनुपर्छ । कृषि र उत्पादनलाई उद्योग क्षेत्रसँग जोड्दै सेवा क्षेत्रमा प्रवेश गर्न सकियो भने मात्र कूल ग्राहस्थ उत्पादनमा सुधार ल्याउन सकिन्छ । गरिबी निवारण र उत्पादनमूलक रोजगारीको लागि आयोजना सम्पन्न गर्न लाग्ने समय निर्धारण गर्नुपर्छ, लाभग्राही सहभागिता र समावेशीकरण सुनिश्चित गर्नुपर्छ । विषय क्षेत्रको प्राथमिकता तय गरी योजनाको लक्ष्य र उद्देश्यमा योगदान पुऱ्याउन जरुरी छ । मानव संशाधन विकासमा जोड दिई समृद्ध प्रदेशको सपना पूरा गर्न स्थानीय तह, प्रदेश र संघबीच पर्याप्त समन्वय सुनिश्चित गर्नुपर्छ । योजना तर्जुमा प्रक्रियामा सुधार ल्याउनुको विकल्प छैन । योजना, मध्यकालीन खर्च संरचना र वाषिर्क बजेटबीचको सम्बन्ध खोज्नुपर्छ । सरकारको खर्च गर्ने क्षमतामा वृद्धि ल्याउनुपर्छ । अनुगमन तथा मूल्याङ्कन पक्षलाई वैज्ञानिक र वस्तुनिष्ट बनाउनुपर्छ । निजी क्षेत्रसँगको समन्वय र सहकार्यको वस्तुगत मोडल बनाई लगानीको वातावरण तयार गरेमा केही हदसम्म स्रोतको जोहो गर्न सक्ने वातावरण तयार हुन्छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५९९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस क्वेदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विभिन्न क्षेत्रमा सफलता मिल्नेछ। व्यापारमा राम्रै धनलाभ पनि हुनेछ । | **तुला** : आज महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योग छ । |
| **वृष** : राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ । | **वृश्चिक** : नयाँ काम सुरु गर्ने समय छ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **मिथुन** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । | **धनु** : मित्रबाट विशेष सहयोग मिल्नेछ। लाभदायक यात्रा पनि होला । |
| **कर्कट** : आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । | **मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। प्रेम सम्बन्ध कसिलो हुनेछ। |
| **सिंह** : रोकिएका अधुरा काम पुनः सुचारु भइ आम्दानी प्राप्त हुनेछ । | **कुम्भ** : घरमा अतिथिको आगमन हुनेछ। संगीतमा रुचि पनि बढ्नेछ । |
| **कन्या** : आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । | **मीन** : आज स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । |

मनोरञ्जन

# साउन्डमा लगानी बढाउँदैनन् फिल्ममेकर, असर के ?



नेपाली चलचित्रमा केही वर्षयता साउन्डमा पनि मिहिनेत गरिँदै छ । केही मेकरले साउन्डमा ध्यान दिन थालेका हुन् । केही चलचित्रमा सिंक साउन्ड (लोकेसनको साउन्ड)मा काम गरिएको छ । तर, त्यो पर्याप्त नरहेको साउन्ड डिजाइनर किशोर आचार्य बताउँछन् । चलचित्र दृश्य भाषा भए पनि साउन्डको त्यति नै महत्त्व हुन्छ । नेपाली मेकरले भने लामो समय साउन्डलाई बेवास्ता गरे । केही वर्षअघिसम्म अधिकांश मेकरले डबिङ गरेर चलचित्र बनाए । अहिले पनि केहीबाहेक धेरैले स्टुडियोमा भ्वाइस डबिङ गरेरै चलचित्र बनाइरहेका छन् ।

इन्टरनेसनल फिल्म फेस्टिभलमा पठाइने सिनेमामा भने सिंक साउन्ड प्रयोग गरिन्छ । "फेस्टिभलमा जाने सिनेमा त कुन साउन्ड युज गर्ने भन्ने नै हुँदैन, सिंक साउन्डमै काम गर्ने हो," किशोर भन्छन्, "तर, पछिल्लो समय नेपाली दर्शकलाई मात्रै लक्षित गरेर बनाउने सिनेमाले पनि सिंक साउन्ड नै प्रयोग गर्न थालेका छन् ।" मासमा जाने चलचित्रमा पनि सिंक साउन्ड प्रयोग गर्न थाल्नु सकारात्मक परिवर्तनको संकेत भएको किशोर बताउँछन् । "राम्राभन्दा पनि मासमा जाने चलचित्र सिंक साउन्डमा जाँदा त्यसको सकारात्मक प्रभाव पर्छ," उनी भन्छन्, "यदि, हामीले राम्रो काम देखाउन सक्यौँ भने नेपाली चलचित्रलाई सिंक साउन्डतर्फ ड्राइभ गर्ने यो उपयुक्त अवसर हो ।" मासमा जाने पञ्चिङ सिनेमामा सिंक साउन्ड प्रयोग गर्न थालिएपछि नयाँ आउने मेकरलाई यसमै काम गर्नुपर्ने रहेछ भन्ने हुने उनको भनाइ छ । तर, यही समय मासबेसका चलचित्रमा काम गर्ने साउन्ड डिजाइनरले राम्रो काम गर्न नसके त्यसको नकारात्मक असर पर्ने उनी बताउँछन् ।

कतिपय मेकर अझै पनि साउन्डमा खर्च गर्न तयार नहुने उनको अनुभव छ । यसको मुख्य कारण बजेट नै रहेको किशोरको बुझाइ छ । "बलिउड तथा हलिउडमा सिनेमाको लगानीको २० प्रतिशत रकम साउन्डमा खर्च गरिन्छ । तर, नेपालमा यो अभ्यास अहिलेसम्म भएको छैन," किशोर भन्छन्, "नेपालमा अधिकांश सिनेमामा दुईदेखि तीन प्रतिशत मात्रै साउन्डमा खर्च हुन्छ ।" नेपालमा केही मेकरले भने साउन्डमा लगानी बढाउन थालेका छन् । एउटा चलचित्रमा दुईदेखि तीन करोड रुपैयाँसम्म लगानी गर्ने मेकरले १२ देखि १३ लाख साउन्डमा खर्च गर्न थालेको किशोर बताउँछन् । यसलाई उनी सकारात्मक संकेत भन्छन् । बजेट कम हुँदा साउन्डका लागि आवश्यक टिम नै बनाउन नसकिने साउन्ड डिजाइनरको गुनासो छ । किशोरले केही समयअघि चलचित्र 'पशुपतिप्रसाद-२ : भष्मे डन'मा साउन्डको काम गरेका थिए । त्यसमा भारतीय प्राविधिकले पनि काम गरे ।

नेपालमा साउन्डमा काम गर्ने प्राविधिकको संख्या पर्याप्त छैन ? "एकैजनाले फिल्डमा, स्टुडियोमा काम गर्दा राम्रो काम निस्किँदैन भन्ने हो । आफूले फिल्डमा दु:ख गरेर राखेको साउन्ड स्टुडियोमा काम गर्दा फिल्डको दु:ख सम्झिएर सिनेमामा उपयुक्त नभए पनि काट्न मन लाग्दैन," उनी भन्छन्, "त्यही भएर साउन्डमा काम गर्ने टिम नै चाहिन्छ । मैले केही भारतका साथी बोलाएर काम लगाएको हो । यसको कारण, पारिश्रमिक उस्तैउस्तै हुने तर उताका साथीले प्रोफेसनल काम गर्ने भएकाले हो । उनीहरू तुलनात्मक रूपमा बढी प्रोफेसनल भएको मैले अनुभव गरेको छु । मैले यहाँका साथीलाई फिल्डमा ढुक्कले एक्लै छोड्न नसकेर पनि हो ।" विश्वका ठूला सिनेमा उद्योगमा स्क्रिप्ट राइटिङमै साउन्ड परिकल्पना गरेर लेखिने प्रचलन छ । हलिउडमा स्क्रिप्ट लेख्दा नै साउन्ड कस्तो हुन्छ भनेर डिजाइनरलाई सँगै राखेर लेखिन्छ । बलिउडमा पनि प्रि-प्रोडक्सनदेखि नै साउन्ड डिजाइनरलाई राखिन्छ । नेपालमा पोस्ट प्रोडक्सनमा पनि त्यति धेरै महत्त्व दिएको पाइँदैन । त्यो यसका लागि छुट्ट्याइने बजेटले नै पुष्टि गर्छ । विदेशका कतिपय सिनेमा उद्योगका ठूला चलचित्रमा साउन्डको स्क्रिप्ट नै तयार पारिन्छ । हलिउडमा एउटै चलचित्रमा २५-३० जनाको समूहले करिब ६ महिना साउन्डमा समय खर्चिन्छ । बलिउडमा १५-२० जनाको समूहले दुई महिना लगाउँछ । नेपालमा भने एउटा चलचित्रमा दुईजनालाई साउन्डको काम गर्न लगाइन्छ । दुईजनालाई औसतमा १० देखि १५ दिन समय दिइने गरेको यथार्थ छ । नेपालमा प्राथमिकतामा नपर्ने साउन्डलाई हलिउडमा उच्च महत्त्व दिइने गरेको किशोर बताउँछन् । साउन्डबिनाको भिजुअल क्यामेराको लेन्सबाट हेरिएको दृश्य मात्र हो । चलचित्रमा देखाइने भिजुअलको आत्मा र इमोसनलाई साउन्डले जोड्ने काम गर्छ । चलचित्रमा डाइलग पनि साउन्डको एउटा प्रकार हो । डाइलग 'किङ'का रूपमा रहन्छ । डाइलग सिंक साउन्ड (लोकेसनको साउन्ड)बाट ल्याइन्छ । सुटिङमै साउन्डको व्यक्ति गएर कलाकारले डाइलग बोल्दा त्यसलाई पिन माइक्रोफोन लगाएर वा अरू कुनै माध्यमबाट ल्याइने गरिन्छ । यसो गर्दा स्टुडियोमा डब गर्नु पर्दैन । साउन्डको अर्को तह डबिङ हो । यसमा छायांकनमा कलाकारले जे बोलेको छ, त्यसैलाई स्टुडियोमा दोहोऱ्याइन्छ । एम्बियन्स साउन्ड अर्को तह हो । कुन ठाउँमा छायांकन भइरहेको हो त्यो ठाउँ, समय एम्बियन्सले छुट्याइदिन्छ । काठमाडौंमा चलचित्र छायांकन गरिएको भए बाक्लो ट्राफिक वा नेवारी जात्राका साउन्ड यसमा आउँछ । साउन्ड इफेक्ट अर्को लेयर हो । एम्बियन्सजस्तै लाग्ने यसमा कलाकारले ढोका उघारेको, गाडी चलाएको आवाज भए त्यसको ओर्जिनल साउन्ड खोजिन्छ । चलचित्रमा अर्को साउन्ड पनि हुन्छ, जसलाई फोली साउन्ड भनिन्छ । कलाकारले चिया खाएको, बियर पिएको अथवा हिँडेको भए त्यस्तो साउन्ड स्टुडियोमा फोली आर्टिस्टले तयार पार्छन् । यसका लागि छुट्टै फोली स्टुडियो आवश्यक पर्छ । म्युजिक र ब्याकग्राउन्ड स्कोर पनि साउन्डभित्रै पर्छन् । नेपालमा ब्याकग्राउन्ड स्कोरमा समेत चलचित्र निकै कमजोर हुने गरेको स्वयं किशोर स्वीकार गर्छन् । नेपाली चलचित्रका गीत र ब्याकग्राउन्ड स्कोरमा खासै सम्बन्ध नभेटिने उनी बताउँछन् । यही नै कमजोरी हुने गरेको उनको भनाइ छ । प्राय: नेपाली चलचित्रका गीत र तिनका ब्याकग्राउन्ड स्कोरबीच कुनै 'कनेक्सन' हुँदैन । जबकि, बलिउड र हलिउड सिनेमामा 'थिम म्युजिक' हुन्छ । तिनका गीतमा प्रयोग गरिने संगीत सिनेमाभरि नै कुनै न कुनै रूपमा सुन्न सकिने किशोर बताउँछन् ।

नेपालमा यस्तो हुनुको मुख्य कारण चलचित्रको प्रि-प्रोडक्सनदेखि नै साउन्ड डिजाइनरलाई सहभागी नगराउनु हो । सिनेमा छायांकन भएको लोकेसनमा साउन्ड डिजाइनर पुगेर काम नगर्नु पनि अर्को कारण हो । "सबै चलचित्रमा स्थानीय बाजा वा म्युजिकलाई नै प्रयोग गर्नुपर्छ भन्ने होइन, आर्ट मुभीमा गर्न सकिन्छ," किशोर भन्छन्, "अरू चलचित्रमा पनि वेस्टर्न म्युजिकलाई नेपाली म्युजिकसँग फ्युजन गर्न सकिन्छ ।" *-बाह्रखरी डटकम*

# 'परदेशी २ को कथा कहिल्यै पुरानो हुँदैन'



यही असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'परदेशी २' कोरोना महामारीभन्दा अगाडि नै निर्माण भएको थियो । कथा लेखन त्योभन्दा झण्डै एक वर्ष अगाडि । तर, कोभिडको समयमा विभिन्न माध्यमबाट विश्वभरका फिल्म तथा सिरिज हेरेर दर्शकको स्वाद निकै फेरिएको छ । यो अवस्थामा 'परदेशी २'ले दर्शकको भावना र रुचिलाई कति सम्बोधन गर्न सक्छ भन्ने चासो धेरैमा छ ।

निर्देशक नारायण रायमाझी भने फिल्ममा कहिल्यै पुरानो नहुने वैदेशिक रोजगारीको कथा रहेकाले दर्शकहरुको भावनालाई जोड्न सक्नेमा विश्वस्त छन् । आफूले संगीत क्षेत्रमा करिअर सुरु गर्दादेखि परदेशीको कथा नफेरिएको उनको बुझाई छ । मात्र समयसँगै त्यसको रुप फेरिँदै गएको उनले अनुभव गरेका छन् । यसैले फिल्म हेर्दा दर्शकले अपनत्व महशुस गर्नेमा उनी विश्वस्त देखिन्छन् । उनी भन्छन्, 'परदेशीको कथा कहिल्यै पुरानो नहुने रैछ । मैले संगीत क्षेत्रमा करिअर सुरु गर्दा पनि परदेशीका कथाहरु त्यस्तै थिए । अहिले पनि त्यस्तै छ । मात्र त्यसको रुप फेरिएको छ । कुनै बेला नेपालीहरु इन्डिया र बेलायतमा फौजीमा जान्थे । उनीहरुलाई लाहुरे भन्ने गरिन्थ्यो । त्यसपछि खाडी मुलुकमा रोजगारीका लागि जानेहरु बढे । अहिले उच्च शिक्षाका लागि जानेहरुको लर्को छ ।' जुनबेला 'परदेशी २'को कथा लेख्न थालिएको थियो, त्यो अहिले झन् सान्दर्भिक हुँदै गइरहेको उनलाई लाग्छ । यसैले फिल्मको कथा पुरानो नभएको र कहिल्यै पुरानो नहुने निर्देशक रायमाझीको दाबी छ । उनी 'गोर्खा पल्टन' र 'परदेशी'पछि आफूप्रति दर्शकहरुको ठूलो अपेक्षा रहेको र यसपटक पनि निराश नबनाउने बताउँछन् । 'परदेशी २'बाट उनलाई हिटमा ह्याट्रिक गर्ने अवसर समेत छ ।

*-फिल्मी खबर डटकम*

# हरेक साता फिल्मले नयाँ रेकर्ड बनाउनुपर्छ : अभिनेता खगेन्द्र



अभिनेता खगेन्द्र लामिछाने लेखक, निर्माता, निर्देशक पनि हुन् । 'पानीफोटो' फिल्मबाट निर्देशक बनेका उनले केही फिल्ममा लेखन तथा निर्माणको पनि जिम्मेवारी निर्वाह गरिसकेका छन् । खगेन्द्रको लेखन तथा निर्माण रहेको पछिल्लो फिल्म हो 'पशुपति प्रसाद २: भष्मे डन' । जुन आगामी कार्तिक ४ गतेबाट सार्वजनिक प्रदर्शनमा आउदैछ । रिलिज मिति नजिकिदै गर्दा फिल्मको चर्चाले बक्स अफिसमा नयाँ रेकर्ड बनाउने अनुमान गरिएको छ ।

यस अगाडि फिल्म 'कबड्डी ४'ले खडा गरेको २२ करोड ब्यवसायको रेकर्ड यो फिल्मले तोड्न आँकलन धेरैको छ । फिल्म निर्माता तथा लेखक खगेन्द्र भने आफ्नो फिल्मले मात्र होइन, हरेक फिल्मले नयाँ रेकर्ड बन्नुपर्ने धारणा राख्छन् । 'हामीले कहिले पनि आफ्नो फिल्मले रेकर्ड तोड्नुपर्छ भनेर सोचेका छैनौं । तर, मिडियाले डरको रुपमा यसलाई प्रस्तुत गरेको छ । म त के भन्छु भने हरेक साता नेपाली फिल्मले पुरानो रेकर्ड ध्वस्त पार्नुपर्छ', उनले थपे 'छक्का पन्जा'को रेकर्ड 'कबड्डी ४'ले तोड्यो । 'कबड्डी ४'को रेकर्ड अब 'पशुपति प्रसाद २'ले तोड्नुपर्छ ।' हरेक साता एकपछि अर्को ब्यवसायिक रेकर्ड तोडिएको खण्डमा मात्र बक्स अफिस बलियो हुने उनको धारणा छ । 'म नयाँ रेकर्ड बनाएपछि केही बर्ष नतोडिएको खण्डमा 'भाले' भएर बस्न पाइन्छ भनेर कहिलै पनि सोच्दिन' उनले थपे । 'पशुपति प्रसाद २: भष्मे डन'मा विपिन कार्की, सौगात मल्ल, स्वस्तिमा खड्का, रवीन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहाल लगायतको अभिनय छ ।

अभिनेता तथा निर्माता खगेन्द्र लामिछाने र अभिनेत्री वर्षा सिवाकोटी पनि फिल्ममा विशेष भुमिकामा देखिनेछन् ।

*-रातोपाटी डटकम*

# वेब सिरिज 'लभ सूत्र'को टिजर सार्वजनिक



विनय श्रेष्ठ, शिल्पा मास्के, सञ्जोग कोइरालाको शीर्ष भूमिका रहेको वेब सिरिज 'लभ सूत्र'को टिजर सार्वजनिक भएको छ । यो सिरिज कान्तिपुर सिनेमाज् ओटीटी प्लेटफर्ममा स्ट्रिमिङ हुने बताइएको छ । फिल्मको पढाइ हुने कान्तिपुर एकेडेमीले दशौं छेकोबाट ओटीटी सञ्चालनमा ल्याउँदैछ । सञ्चालनअघि उसले नेपाली फिल्मका चर्चित कलाकारहरु समावेश भएको नयाँ वेब सिरिजको टिजर ल्याएको हो । यसअघि 'ब्रह्माण्ड' र 'मिस स्कारलेट' जस्ता सिरिजको घोषणा भइसकेको छ ।

रोमान्टिक लभस्टोरी र कमेडी जनरामा बनेको यो वेब सिरिजमार्फत अभिनयमा विनयको पुनरागमन समेत हो । विनयको पछिल्लो फिल्म 'रोमियो एण्ड मुना' पाँच वर्षअघि रिलिज भएको थियो । विनय फिल्म 'रेशम फिलिली'को दोस्रो श्रृंखला निर्माणमा समेत व्यस्त छन् । 'लभ सूत्र'लाई विनयको कम्पनी भी-मोसन पिक्चर्स र ओएसआर डिजिटलले निर्माण गरेका हुन् । निरोज महर्जन निर्देशक हुन् । ३० देखि ४० मिनेटको पाँचवटा एपिसोडको यो सिरिजको ट्रेलर असोज २९ गते सार्वजनिक हुने र त्यही दिनबाट यो ओटीटीलाई सब्सक्रिप्सन लिएर स्मार्टफोन, वेब र स्मार्ट टिभीमा सिरिज हेर्न मिल्ने बताइएको छ ।

*-अनलाइन खबर डटकम*

# रामपुरमा चाडपर्व लक्षित बजार अनुगमन



पाल्पा, असोज २३/नजिकिँदै गरेको चाडपर्वलाई ध्यानमा राखेर जिल्लाको रामपुर नगरपालिकाले बजार अनुगमनलाई तीव्र दिएको छ । सोमबारदेखि दसैं, तिहार,छठजस्ता महान पर्वलाई लक्षित गरी नगर भित्रका मुख्य बजारमा अनुगमन थालेको हो ।

रामपुर नगरपालिका, जनप्रतिनिधि, ईलाका प्रशासन कार्यालय रामपुर, घरेलु तथा साना उद्योग कार्यालय पाल्पा, खाद्य तथा गुण नियन्त्रण डिभिजन कार्यालय, ईलाका प्रहरी कार्यालय रामपुर, रामपुर उद्योग वाणिज्य संघ र पत्रकारले संयुक्त रुपमा बजार अनुगमन गरेका हुन् । नगरपालिकाको वडा नं. ५ को सानी अमराई,मटेरी र बेफाँड बजार क्षेत्रको अनुगमन गरिएको छ । चाडपर्वलाई मध्यनजर गर्दै नगरपालिकाले खाद्य पसल र होटल व्यवसायको अनुगमन गरेको हो । पसल व्यवसाय दर्ता, नविकरण भए नभएका , खाद्य सामानको म्याद भए नभएको, अन्तशुल्क, होटलमा प्रयोग गर्ने तेलको गुणस्तर मापन, नापतौल सामग्रीको मापन ठिक भए नभएको अनुगमन गरिएको रामपुर नगरपालिकाका प्रेस सल्लाहकार दानु हिस्कीले जानकारी दिए ।

अनुगमनका क्रममा ३७ हजार २० रुपैयाँ बराबरको सामान जफत गरी नष्ट गरिएको छ । अनुगमन टोलीले चाउमिन, मिश्री, तेल, मदिराजन्य पदार्थ, सुर्तिजन्य पदार्थ, पेय पदार्थ, जुस लगाएतका सामग्री बरामद गरी नष्ट गरेको हो । अनुगमनका क्रममा रामपुर अस्पताल परिसर सानीअमराईका होटल तथा पसलहरुमा मापदण्ड विपरित सामग्रीको विक्री गरेको पाईएकाले सामान जफत गरिएको प्रेस सल्लाहकार हिस्कीले बताए । अस्पताल परिसरको ५ सय मिटर वरपर मदिराजन्य पदार्थ विक्रि गर्न नपाईने भए पनि सानीअमराई क्षेत्रका होटलहरुमा मदिराजन्य पदार्थ विक्रीका लागि राखेकाले बरामद गरि नष्ट गरिएको उपप्रमुख तथा अनुगमन समितिका संयोजक बाल कुमारी थापाले बताइन् । अस्पताल जस्तो संवेदनशिल क्षेत्र वरपर मदिराजन्य बस्तुको विक्रीबाट रातको समयमा होहल्ला हुने र उपचारका लागि आउने विरामीहरुलाई असर पुग्ने भन्दै अटेर गरी पुन: विक्रि गरेमा थप कारवाही प्रक्रिया अगाडि बढाईने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए । अनुगमनका क्रममा ईलाका प्रशासन कार्यालय रामपुरका प्रमुख दिनेश ज्ञवालीले आवश्यक प्रक्रिया पुरा नगरी कुनै व्यवसाय सञ्चालन नगर्न आग्रह गर्दै नियमसंगत रुपमा व्यवसाय सञ्चालन नगरे कारवाही गरिने बताए । यस्तै घरेलु तथा साना उद्योग कार्यालय तानसेन पाल्पाका उद्योग अधिकृत श्याम प्रसाद पौडेलले व्यवसाय दर्ता गर्दा जुन उद्देश्यका साथ भएको छ सोही अनुसारको सामान मात्र विक्री गर्न व्यवसायीहरुलाई निर्देशन दिए । पसल अनुगमन गर्दै खाद्य तथा गुण नियन्त्रण डिभिजन कार्यालय पाल्पाका प्रमुख नरेश श्रेष्ठले खाद्य सामग्री खरिद विक्रि गर्दा व्यसायी र ग्राहक दुवैले म्याद भए नभएको, नापतौल ठिक भए नभएको राम्रो संग यकिन गरेर मात्रै खरिद विक्री गर्नु पर्ने भन्दै उपभोक्ताको स्वास्थ्यमा हानी हुने अखाद्य बस्तु विक्री वितरण नगर्न सुझाव दिए । अनुगमनका क्रममा जफत गरेका सामग्री रामपुर नगरपालिकाको कार्यालय भवन परिसरमा नष्ट गरिएको घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका उद्योग विकास सहजकर्ता मनोज घिमिरेले जानकारी दिए ।

# बुटवल उद्योग वाणिज्य संघको अध्यक्षमा अर्याल



**बुटवल,** असोज २३/बुटवल उद्योग वाणिज्य संघको अध्यक्ष पदमा हरिप्रसाद अर्याल निर्वाचित भएका छन् । संघको सोमबार भएको २५ औं अधिवेशनमा अर्यालले प्रतिष्पर्धी दिनेशप्रसाद श्रेष्ठलाई पराजित गर्दै प्यानलसहित निर्वाचित भएका हुन् ।

उनले सात सय ७६ मत प्राप्त गरे । उनका प्रतिस्पर्धी श्रेष्ठले छ सय ८९ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ । अर्याललाई नेकपा एमाले निकट उद्योगी व्यवसायीको बलियो समर्थ रहेको थियो । पदाधिकारी र कार्यसमिति सदस्यमा पदाधिकारीमा अर्याल प्यानलका भेषराज गैरे बाहेक अर्याल प्यानलककै उम्मेदवारले जितेका छन् । एक हजार ७ सय ७८ मतदाता रहेकामा १ हजार ५ सय ६ मत खसेको थियो । अर्याल संघका पूर्व वाणिज्य उपाध्यक्ष हुन् भने श्रेष्ठ वर्तमान कार्यसमितिको वरिष्ठ उपाध्यक्ष हुन् । अर्याल यसअघिको अधिवेशनमा उज्ज्वल कसजूसँग अध्यक्ष पदमा प्रतिस्पर्धा गरेर पराजित भएका थिए । अर्याल र श्रेष्ठले ९ पदाधिकारी र १७ कार्यसमति सदस्य पदका लागि छुट्टाछुट्टै प्यानल बनाएर प्रतिष्पर्धा गरेका थिए । अध्यक्षका दुबै उम्मेदवार नेपाली कांग्रेस निकट हुन । अर्याललाई पार्टीभित्रको संस्थापन पक्षको र श्रेष्ठलाई संस्थापन इतरको समर्थन रहेको थियो । अर्यालले नेकपा एमाले, राप्रपा,एकीकृत समाजवादी लगायतका दल निकट व्यवसायीलाई समेटेर प्यानल बनाएका थिए । यस्तै उद्योगतर्फको उपाध्यक्षमा सुरज भट्टराई विजयी भएका छन् । संघको वरिष्ठ उपाध्यक्षमा यसअघि नै टंकप्रसाद गैरे र वाणिज्यतर्फको उपाध्यक्षमा विमलराज भट्टराई निर्विरोध निर्वाचित भएका थिए । यस्तै संघको महासचिवमा मुक्तिप्रसाद अधिकारी, कोषध्यक्षमा वसन्तप्रसाद ढकाल, सचिवमा प्रतीक पोखरेल चयन भएका छन् । यस्तै सहकोषध्यक्षमा धनकुमारी खनाल, एकमात्र पद एशोसिएट सदस्यमा बालकृष्ण पौडेल विजयी भएका छन् । उद्योगतर्फ सदस्यमा दीपकप्रसाद चापागाईं, कृष्णप्रसाद पाण्डे, निर्मित कसजु र सुनिता शर्मा बन्जाडे विजयी भएका छन् भने वाणिज्यतर्फ सदस्यमा गणेशप्रसाद भट्टराई, काशीराम शर्मा, रामबहादुर भण्डारी र टीकाराम बन्जाडे विजयी भए । खुलातर्फ सदस्यमा विष्णु घिमिरे (पन्त), विष्णुप्रसाद पौडेल, दीप आचार्य, दीपक घिमिरे, जगन्नाथ न्यौपाने, लक्ष्मण ज्ञवाली, उमेश अमात्य, जमुना पौडेल र रेनु श्रेष्ठ विजयी भएका छन् ।

## खेलकुद समाचार

# चाँद र बिएसके सेमिफाइनलमा



मानेभञ्ज्याङ (भारत),असोज २३/सातौं मानेभञ्ज्याङ गोल्डकप प्रतियोगितामा चाँद एफसी तीनधारिया र बिएसके जलपाइगुडी सेमिफाइनल प्रवेश गरेका छन् । प्रतियोगिताको पहिलो क्वाटरफाइनल खेलमा चाँदले जर्जियन एफसी कालेम्पोङ र दोस्रो क्वाटरफाइनलमा जलपाइगुडीले दलसिङपाडा स्पोर्ट्स एकेडेमीलाई हराएको हो ।

पहिलो खेलमा चाँदले चार-दुई गोल अन्तरले अन्तिम चारमा स्थान बनाएको छ । प्रतियोगितामा सुरुवाती अग्रता जर्जियनले बनाएको थियो । कुन्जमान थापाले तेस्रो मिनेटमा नै गोल गरेका थिए । २३ औं मिनेटमा सिद्धान्त क्षेत्रीले खेल बराबरीमा ल्याएर खेले ४८ औं मिनेटमा कुन्जमानले व्यक्तिगत दोस्रो गोल गर्दै जर्जियनलाई अग्रता पाएको हो । वीरेन प्रधानले ५५ र भाइचुङ राईले ६५ औं मिनेटमा गोल गरेपछि चार-दुई गोल अन्तरको जितका साथ चाँदले सेमिफाइनलमा स्थान बनाउन सफल रह्यो । त्यसैगरी दोस्रो क्वाटरफाइनल खेलमा दलसिङपाडा स्पोर्ट्स एकेडेमीलाई सडनडेथमा हराउँदै बिएसकेले अन्तिम चारमा स्थान बनाएको हो । निर्धारित समयमा दुवै टिमबाट दुई-दुई गोल भएपछि निर्णयका लागि टाइब्रेकर रोजिएको थियो । टाइब्रेकरमा समेत बराबरी भएपछि सडनडेथमा धकेलिएको खेलमा जलपाइगुडीले जित निकालेको हो । मेसुके ओलमाउले १५ औं मिनेटमा गोल गर्दै जलपाइगुडीलाई सुरुवाती अग्रता दिलाएका थिए । ३० औं मिनेटमा मेसुकेले व्यक्तिगत दोस्रो गोल गरेका थिए । कप्तान हेमराज भुजेलले ३६ र सुजल मुण्डा (पोग्वा) ले ५४ औं मिनेटमा गोल गरेपछि दलसिङपाडा खेलमा फर्किएको थियो । सडनडेथमा दलसिङपाडा भाग्यमानी साबित भयो । प्रतियोगिताको तेस्रो क्वाटरफाइनल खेलमा सिरिजंघा स्पोर्टिङ क्लब भद्रपुरले कञ्चनजंघा एफसी सिलिगुडीको सामना गर्नेछ । सिरिजंघाले मोहम्मडन एथ्लेटिक कोलकत्ता र कञ्चनजंघाले हिमालयन शेर्पा काठमाडौंलाई हराउँदै अन्तिम आठमा स्थान बनाएका थिए । प्रतियोगितामा नेपालका पाँच र भारतका ११ क्लबको सहभागिता छ । प्रतियोगिताको विजेताले आठ लाख रुपैयाँ (पाँच लाख भारु) तथा उपविजेताले चार लाख (दुई लाख ५० हजार भारु) पाउनेछन् । फाइनल खेल अक्टोबर १५ तारिखमा हुनेछ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा १९ अङ्कले गिरावट



**पाल्पा,** असोज २३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा कारोबारको तेस्रो दिन गिरावट आएको छ । नेप्से परिसूचक मंगलबार १९ दशमलव ०६ अंकले गिरावट आएको हो ।

नेप्सेमा गिरावट आएसँगै एक हजार आठ सय ८९ दशमलव ५९ को बिन्दुमा कायम भएको छ । सो समयमा विभिन्न दुई सय ८२ कम्पनीका ४२ लाख ८७ हजार चार सय २४ कित्ता शेयर ४४ हजार ६९ पटक खरिदबिक्री हुँदा एक अर्ब २८ करोड ३१ लाख ८२ हजार एक सय ४५ मा कारोबार भएका छन् । अघिल्लो दिनको तुलनामा कारोबार रकम बढेको हो । गत सोमबार सेयर बजारमा १ अर्ब १७ करोड रुपैयाँ बराबरको सेयर किनबेच भएको थियो । सबै समूहको उपसूचकमा रातो देखिएको छ । सबैभन्दा धेरै जलविद्युत् समूह एक दशमलव ७९ र निर्जीवन बीमा समूह एक दशमलव ६९ प्रतिशतले घटेको छ । मंगलबार कारोबारमा आएकामध्ये १९३ वटा कम्पनीको सेयर मूल्य घटेको छ । ३१ वटा कम्पनीको बढ्यो भने ९ वटाको सेयर मूल्य स्थिर छ । सो अवधिको कारोबारमा ३१ वटा कम्पनीको शेयर मूल्य बढेकोमा सबैभन्दा धेरै अपर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८६ प्रतिशतले बढेको छ ।

सबैभन्दा धेरै घट्नेमा भने बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको शेयर मूल्य सात दशमलव ६४ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेडको २० करोड ३७ लाख ९४ हजार नौ सय ९१ बराबरको चार लाख ३३ हजार पाँच सय ४७ कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई